र.नं. ११५८/०६५/०६६

# काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेड

बाबुराम आचार्य सडक, काठमाडौं महानगरपालिका-९ (सिनामंगल), काठमाण्डौं
चाँगुनारायण नगरपालिका-१ (दुवाकोट), भक्तपुर
(काठमाण्डौ विश्वविद्यायलबाट सम्बन्धन तथा नेपाल मेडिकल काउन्सिल र श्रीलंका मेडिकल काउन्सिलद्वारा मान्यता प्राप्त)

पत्र संख्या :

मिति २०७८।०९।०४

## सुचना! सुचना! सुचना!

काठमाडौं विश्वविद्यालय र चिकित्सा शिक्षा आयोगको निर्देशन बमोजिम शैक्षिक सत्र 077/078 MBBS / BDS समूहका विद्यार्थीहरुको नियमित कक्षाहरु मिति २०७८।०९।०५ गते सोमबार बाट सुचारु भएको जानकारी गराइन्छ । विद्यार्थीहरुसँग यस संस्थाले पठनपाठनको लागि तयार गरिएको सम्झौता पत्रको विवरण निम्न अनुसार रहेको अनुरोध गरिन्छ।

प्रा.डा. रतिन्द्र नाथ श्रेष्ठ

प्राचार्य

फोन नं. ४४६९०६४, ४४७६१५२, फ्याक्स: ९७७-१-४४७७९२०
E-mail: info@kmc.edu.np, पो.ब.नं. २१२६६, Website: www.kmc.edu.np

# काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेड
# र
# श्री/सुश्री/श्रीमती ............................................ (Paying) बीच भएका
# विद्यार्थी भर्ना सम्बन्धी करारनामा

लिखितम, ............................. मा बस्ने........................................................................ नाति/नातिनी ..................................................को छोरा/छोरी जसलाई यस पछि प्रथम पक्ष भनिनेछ, र प्रचलित कम्पनी सम्बन्धी कानुन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा दर्ता भएको सिनामंगल, काठमाडौं, नेपाल स्थित **काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेड** जसलाई यस पछि दोस्रो पक्ष भनिनेछ) बिच प्रथम पक्षले श्रीमान/श्रीमाती ....................................... को छोरा/छोरी ....................................(जसलाई यसपछि विद्यार्थी भनिने छ ) लाई दोस्रो पक्षबाट **2020/21 session** मा **Bachelor of Medicine and Bachelor of Surgery (MBBS)** शिक्षा प्रदान गराउन ईच्छा व्यक्त गरेकाले हामी दुवै पक्षहरुका बिचमा आजका मितिमा तपसिल बमोजिम शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी दुवै पक्षले यो करारनामा गरेका छौं ।

**तपसिलः-**

१) **दोस्रो पक्षको दायित्व**

क) दोस्रो पक्षले विद्यार्थीलाई उपयुक्त वातावरणमा **Bachelor of Medicine and Bachelor of Surgery (MBBS)** शिक्षा प्रदान गर्नेछ ।

ख) दोस्रो पक्षले कलेजको नियमको अधिनमा रही विद्यार्थीलाई पुस्तकालय सुविधा प्रदान गर्नेछ ।

ग) दोस्रो पक्षले विदेशी तथा नेपाली विद्यार्थीहरुलाई छात्रावास सुविधा उपलब्ध गराउनेछ ।

२) **प्रथम पक्षको दायित्व**

क) प्रथम पक्षले गुणस्तरीय शिक्षा प्राप्त गर्ने उदेश्यले दोस्रो पक्षले लागु गरेका सबै नियमहरुको पालना गर्नु पर्नेछ ।

ख) प्रथम पक्षले यस करारनामा बमोजिमका सबै शुल्क, जरिवाना, महसुल आदि तोकिएको समयमा दोस्रो पक्षलाई बुझाउनु पर्नेछ ।

ग) प्रथम पक्षले यस मेडिकल कलेज भित्र कुनै पनि प्रकारका राजनैतिक क्रियाकलाप गर्ने छैन ।

३) **शुल्क तथा अन्य महसुल**

क) प्रथम पक्षले शिक्षण शुल्क वापत चिकित्सा शिक्षा आयोगले तोके बमोजिम रु. ४०,२३,२५०।– (**अक्षरुपी रु चालिस लाख तेइस हजार दुई सय पचास मात्र**) निम्नानुसारको समयतालिका अनुसारसमयमा नै दोस्रो पक्षलाई लाई भुक्तानी गर्नु पर्ने छ ।

| Particulars | Installment | Due Date | Amount |
|---|---|---|---|
| Admission & Tuition Fee | | At the time of admission | 1,341,000.00 |
| Tuition Fee | 1st Installment | 2079.08.01 | 894,084.00 |
| Tuition Fee | 2nd Installment | 2080.08.01 | 894,084.00 |
| Tuition Fee | 3rd Installment | 2081.08.01 | 894,084.00 |
| | **Total** | | **4,023,252.00** |

ख) प्रथम पक्षले छात्रावास वापत मासिक Double Sharing **रु १२,०००।– (अक्षरुपी रु बाह्र हजार मात्र)** र Single Occupancy मा **रु.२४,००० ।– (अक्षरुपी रु चौबीस हजार मात्र)** समयमा नै दोस्रो पक्षलाई भुक्तानी गर्नु पर्ने छ । छात्रावासको शुल्क २०७८ मंसिर १९ गतेबाट गणना गरिने छ । सोही अनुसार होस्टल शुल्क प्रत्येक एक बर्षको एकमुष्ट रकम अग्रिम बुझाउनु पर्ने छ । छात्रावास शुल्क वार्षिक ५ प्रतिसतका दरले वृद्धि हुनेछ ।

ग) शिक्षण शुल्कमा शिक्षा कर लाग्ने भएको खण्डमा उक्त कर प्रथम पक्षले नै तिर्नु पर्ने छ ।

घ) **काठमाडौं विश्व विद्यालयको दर्ता शुल्क, सम्वन्धन शुल्क, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगको दर्ता शुल्क, शिक्षा मन्त्रालयको दर्ता शुल्क, विश्व विद्यालयको परीक्षा शुल्क** सम्वन्धित निकायको सूचना अनुसार बुझाउनु पर्ने छ । यी शुल्कहरु माथि उल्लेखित बुँदा नं ३ (क), (ख) र (ग) मा समावेस गरिएको छैन । प्रथम पक्षले उक्त शुल्कहरुसमयमा नै भुक्तानी गर्नु पर्ने छ ।

* मिति २०७८।०४।०१ को काठमाडौं विश्वविद्यालयको सूचनाको आधारमा तोकिएको शुल्कहरु (विश्वविद्यालयको सूचना यसै सम्झौता साथ संलग्न गरिएको छ । विश्वविद्यालय र सम्वन्धित निकायको सूचनाको आधारमा काठमाडौं विश्व विद्यालयको दर्ता शुल्क, सम्वन्धन शुल्क, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगको दर्ता शुल्क, शिक्षा मन्त्रालयको दर्ता शुल्क, विश्व विद्यालयको परीक्षा शुल्कहरु वार्षिक रुपमा फरक पर्न सक्ने छ । )

विद्यार्थीहरुले भर्ना हुदाँको समयमा निम्न शूल्कहरु सम्बन्धीत निकायमा बूझाई, पैसा जम्मा गरेको सक्कल BANK VOUCHER लाई कलेजमा बुझाउनु पर्ने छ । पैसा जम्मा गर्नुपर्ने Account को details यस प्रकार छ ।

**काठमाडौं विश्व विद्यालय Bank Details -**

| **Bank Name** | **Account Name** | **Account No.** |
|---|---|---|
| Nepal Bank | Kathmandu University | 01100109551 |
| Nepal Investment Bank | Kathmandu University | 00501030250009 |

**नेपाल मेडिकल काउन्सिल Bank Details -**

| **Bank Name** | **Account Name** | **Account No.** |
|---|---|---|
| SBI Bank, Maharjgunj Branch | Nepal Medical Council | 20435240100022 |

| **Particulars** | **Due Date** | **Amount** |
|---|---|---|
| KU Registration Fee | As per KU rule & notice | *25,000.00 |
| KU Affiliation Fee | As per KU rule & notice | *98,579.00 |
| NMC Registration Fee | As per NMC notice | *5,000.00 |
| Kathmandu University Exam Fee | As per KU rules | *11,000.00 |

ङ) कम्युनिटी पोष्टिङ्ग, फरेन्सिक मेडिसिन अन्तर्गतको पोष्टिङ्ग र फिल्ड भिजिटमा लाग्ने Registration शुल्क साथै सो कार्यका लागि कलेज बाहिर जाने क्रममा यातायात, खाना, बस्ने व्यवस्था विद्यार्थी स्वमं आफैले गर्नुपर्ने छ ।

च) अध्ययन अवधी भर यदि विद्यार्थीले स्वास्थ्य उपचार गर्न परेमा विद्यार्थी स्वंयले आफैले व्यहोनु  पर्ने छ ।

छ) विद्यार्थीहरुले अनिवार्य रुपमा कलेजले तोकेको पोषाक (Uniform) लगाउनु पर्नेछ । पोषाकको व्यवस्था विद्यार्थी आफैले गर्नु पर्ने छ ।

ज) Mess मा लाग्ने शुल्क + VAT, Mess संचाललले मासिक रुपमा लिने छ । यो शुल्क बजार मुल्यको आधारमा थप घट हुन सक्ने छ ।

झ) कलेजमा भर्नाका लागि आवेदन फारम वापत रु ५,०००/– लाग्ने छ ।

ञ) यस शैक्षिक सत्र एम. वी. वी. एस. **२०७७\७८** का विद्यार्थीहरुबाट इन्टर्नसिप शुल्क नलिने र कलेजले इन्टर्नसिप अवधीमा विद्यार्थीलाई इन्टर्नसिप भत्ता (night allowance सहित) नदिने सहमति भएको छ । भर्नाको समयमा विद्यार्थीले इन्टर्नसिप शुल्क बुझाउनु पर्ने छैन र विद्यार्थीले इन्टर्नसिप अवधीमा इन्टर्नसिप भत्ता माग गर्ने, इन्टर्नसिप भत्ता, night allowance को कुरा लिएर अनावश्यक झै झमेला गर्ने कार्य गर्ने छैन भनी विद्यार्थी एवं अभिभावक प्रतिबद्ध रहेको छ ।

ट) खाना लगायत विद्यार्थीको व्यक्तिगत पुस्तक, मसलन्द जस्ता अन्य खर्चहरु यो सम्झौता पत्रमा समावेस भएको छैन ।

४) **जरिवानाहरु**

क) विद्यार्थी अनुतिर्ण भएमा प्रथम पक्षले विश्वविद्यालयलाई तिर्ने पर्ने अतिरिक्त परीक्षा शुल्क विद्यार्थी स्वयम आफैले भुक्तानी गर्नु पर्ने छ ।

ख) विद्यार्थीले अनुशासन विहिन कार्य गरेमा दोस्रो पक्षले विद्यार्थीलाई निस्कासन गर्न सक्ने छ । यस्तो अवस्थामा शुल्कहरु फिर्ता हुने छैन साथै विद्यार्थीको लापरवाही तथा जानाजान गरेको लापरवाहीका कारणले हुने हानी नोक्सानी वापतको क्षतिपुर्ति रकम प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नु पर्नेछ । क्षतिपुर्तिको मुल्याङ्कन दोस्रो पक्षको व्यवस्थापनले गर्नेछ ।

ग) प्रथम पक्षले तोकिएको शुल्कहरु समयमा बुझाउन नसकेको खण्डमा विलम्व शुल्क लाग्ने छ । विलम्व शुल्क रु १०,०००/– मा दैनिक रु १०/– का दरले गणना हुने छ ।

घ) अध्ययन अवधी भरमा विद्यार्थीले काठमाडौं मेडिकल कलेजको भौतिक सम्पत्तीमा हानी नोक्सानी पुऱ्याएमा विद्यार्थी/अभिभावकले उक्त नोक्सानीको क्षतिपुर्ति व्यहोर्नु पर्ने छ ।

५) **छात्राबास, खाना सुबिधा र यातायात**

MBBS अध्ययन गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय विद्यार्थीहरुलाई अध्ययन अवधी भरि छात्रावास अनिवार्य छ । छात्रावाससँग सम्बन्धित अन्य सर्तहरु देहाय बमोजिम रहने छन् -

क) छात्रावास सुविधा वापत प्रथम पक्षले दोस्रो पक्षलाई यस सम्झौताको बुँदा नं ३(ख) मा उल्लेख भए अनुसारको भुक्तानी समयमा नै गर्नुपर्ने छ ।

ख) अध्ययन अवधि भरि (६६ महिना) विद्यार्थीहरुले कलेजले तोके बमोजिमको छात्रावासमा बस्नु पर्नेछ । विद्यार्थी अनुतिर्ण भएमा वा माहामारी, प्राकृत्तिक विपत्ति लगायत अन्य कुनै कारणले ६६ महिना भन्दा बढी समय बस्नु परेको खण्डमा सो समयको छात्रावास शुल्कको आधारमा थप बसेको अवधीको छात्रावास शुल्क गणना गरी भुक्तानी गर्नु पर्नेछ ।

ग) प्रथम पक्षले छात्रावासमा प्रयोग गरेको Internet (Wifi), पानी तथा विद्युत रकम प्रति युनिट उपभोगका आधारमा दोस्रो पक्षले तोकेको दरमा दोस्रो पक्षलाई बुझाउनु पर्नेछ ।

घ) विद्यार्थीहरुले Hostel (College) भित्रको मेसको प्रयोग गर्न पर्ने छ । विद्यार्थीहरुको मेसको संचालन गर्न दोस्रो पक्षले दक्ष व्यक्ति वा संस्थालाई जिम्मेवारी दिनेछ । विद्यार्थीहरुले खाना खानको लागि मेस संचालकलाई अग्रीम २ महिनाको मेस Advance स्वरुप शुल्क बुझाउनु पर्नेछ ।

ङ) छात्रावासको सुव्यवस्थाका लागि दोस्रो पक्षले समय समयमा नियम निर्देशिकाहरु जारी गर्न सक्ने छ र उक्त नियम निर्देशिकाको पालन गर्नु विद्यार्थी तथा प्रथम पक्षको कर्तव्य हुनेछ ।

च) छात्रावासमा बस्दा फर्निचर, पन्खा, वाथरुमका र अन्य सामानहरु बिग्रिएमा मर्मत गर्ने वा नयाँ फेर्ने कार्य प्रथम पक्षको कर्तव्य हुनेछ ।

छ) दुवाकोट छात्रावासमा रहदा छात्रावास देखि कलेज वा सिनामंगल आउन जान विद्यार्थी आफैले व्यवस्था गर्नु पर्ने छ । यदी कलेजले बसको व्यवस्था गरेको खण्डमा सो वापतको शुल्क प्रथम पक्षले भुक्तानी गर्नु पर्ने छ ।

ज) कलेजमा भर्नाको समयमा Serology, doping test, Blood Analysis (CBC:TC/DC/HB, Platelets, Blood group), Chest X-ray, COVID (PCR Test) स्वास्थ्य जाँचको प्रतिवेदन अनिवार्य पेश गर्नु पर्ने छ । प्रत्येक वर्ष सेमेष्टर सुरु हुन भन्दा अगाडि विद्यार्थीको अनिवार्य सहित स्वास्थ्य जाँच गरी त्यसको रिपोर्ट शैक्षिक प्रशासनमा बुझाउनु पर्ने छ । स्वास्थ्य परीक्षण काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालको चिकित्सकबाट गर्नु पर्ने छ र कलेज प्रशासनको रोहवरमा काठमाडौं मेडिकल कलेज शिक्षण अस्पताल कै प्रयोगशालामा sample संकलन र प्रयोगशाला परीक्षण गर्नु पर्ने छ ।

६) **शिक्षण शुल्क सम्बन्धमा ।**

देहाय बमोजिमको अवस्थामा प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तान गरेको शुल्क फिर्ता हुने छैन :–

क) विद्यार्थीले अध्ययन अवधी भर राजनीतिक गतिविधी, गुटबन्दी, दंगाफसाद गरी शिक्षण अस्पतालको शैक्षिक वातावरणमा खलल पुऱ्याउने क्रियाकलाप गर्न निषेध गरिएको छ । यदि त्यस्तो क्रियाकलाप हुन गएमा विद्यार्थीलाई अविलम्व निस्कासन गरिने छ र यस्तो अवस्थामा शुल्क फिर्ता हुनेछैन । विद्यार्थीले अध्ययन अबधीमा लाग्ने शुल्क पूराभुक्तानी गरे पश्चात्त मात्र Clearance Letter दिइनेछ ।

ख) अध्ययन अवधी भरमा भवितव्य भई विद्यार्थीको मृत्यु हुन गएमा, आत्महत्या गरेमा, दुर्घटनाले अङ्गभङ्ग भई वा शारीरिक वा मानसिक कारणले अध्ययन सुचारु गर्न नसक्ने भएमा विद्यार्थीको शुल्क फिर्ता हुने छैन र केही कारणबस यदि पढाई बिचमा छोड्नु परेमा विद्यार्थीले अध्ययन अबधीभरको पूरा शुल्क तिरे पश्चात्त मात्र Clearance Letter दिइनेछ । यसको लागि दोस्रो पक्षलाई दवाव दिने, अनावश्यक झैझमेला नगर्ने नगराउने कुरामा प्रथम पक्ष सहमति गर्दछ ।

**७) दोस्रो पक्षहरुको हैसियत**

यो करारनामा दोस्रो पक्षले विद्यार्थीलाई **एम.बी.बी.एस** शिक्षा प्रदान गर्ने उद्देश्यलेतयार गरिएको हो । दोस्रो पक्षले प्रथम पक्ष कर्मचारी, सेवक वा एजेन्ट नभई **एम.बी.बी.एस** शिक्षा प्रदान गर्ने आधिकारिक शिक्षण सँस्था होभन्ने बुझनू पर्दछ । यस करारनामामा भएका कुनै शर्तले करारका पक्षहरु बीच साझेदारी, संयुक्त उपक्रम, एजेन्सी सम्बन्ध कायम हुने छैन भनि यस करारका दुवै पक्षहरु घोषणा गर्दछौं ।

**८) सूचना**

कुनै सूचना, अनुरोध तथा संवादहरु लिखित रुपमा एक पक्षले अर्को पक्षलाई व्यक्तिगत रुपमा हस्तान्तरण गरेमा, यस करारमा उल्लेखित ठेगानामा पठाएमा, अर्को पक्षको टेलिग्राम, टेलेक्स तथा फेसिमाइल ठेगानामा पठाएमा वा रजिस्ट्री चिठ्ठीबाट पठाएमा विधिपूर्वक सूचना दिएको मानिनेछ । कुनै पक्षले आफ्नो ठेगाना परिवर्तन भएमा यस करारनामा बमाजिम सो को सूचना अर्को पक्षलाई दिनु पर्नेछ ।

**९) भाषा**

यो करारनामा नेपाली भाषामा गरिएको छ । नेपाली भाषा र अनुवादित भाषामा कुनै विवाद वा विभेद उत्पन्न भएमा नेपाली भाषा आधिकारिक मानिनेछ । यस करारमा प्राबधान बमोजिमको सूचना नेपाली भाषामा हुनेछ ।

**१०) <u>प्रारम्भ तथा करार अबधि</u>**

क) यो करारनामा मिति २० । । बाट प्रारम्भ हुनेछ र यसको अवधि करार प्रारम्भ भएको मितिले ५ वर्ष ६ महिना सम्म वा विद्यार्थीको अध्ययन अवधी भर हुनेछ ।

ख) भर्ना हुँदाको बखत प्रथम वर्षमा भुक्तानी गर्नुपर्ने शुल्क, किस्ता रकम आदि भुक्तानी समयावधी भित्र नबुझाएमा दोस्रो पक्षले कुनै पनि बखत विद्यार्थीको भर्ना रद्ध गर्ने वा करार भङ्ग गर्न सक्ने छ ।

यस करारनामा उल्लेखित शर्त तथा बन्देजहरु करारका दुवै पक्षहरुको आपसी सहमतीमा तय गरिएका हुन । यो करारनामाका दुईवटा सक्कल प्रति रहने छन । करारनामा उल्लेखित साक्षिहरुको रोहवरमा हामी यस करारनामाका दुबै पक्षले यस करारनामामा हस्ताक्षर गरी एक-एक प्रति लियौं दियौं ।

**साक्षी**

विद्यार्थीको नाम - ......................................................

फोन नम्बर- ......................................................

ईमेल- ......................................................

सहि - ......................................................

मिति- ......................................................

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

**प्रथम पक्षको तर्फबाट** **दोस्रो पक्षको तर्फबाट**

नाम ...................................................... .

नाता ..........................................................

फोन नम्बर- ........................................................

ठेगाना ..........................................................

सहि - ..........................................................

मिति- ..........................................................

काठमाडौं मडिकल कलेज पब्लिक लिमिटेड
सिनामंगल, काठमाडौं, नेपाल ।

# काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेड
# र
# श्री/सुश्री/श्रीमती ............................................ (Paying) बीच भएका
# विद्यार्थी भर्ना सम्बन्धी करारनामा

लिखितम, ............................ मा बस्ने.......................................................................... को नाति/नातिनी ..................................................को छोरा/छोरी जसलाई यस पछि प्रथम पक्ष भनिनेछ, र प्रचलित कम्पनी सम्बन्धी कानुन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौमा दर्ता भएको सिनामंगल, काठमाडौं, नेपाल स्थित **काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेड** जसलाई यस पछि दोस्रो पक्ष भनिनेछ) बिच प्रथम पक्षले श्रीमान/श्रीमाती ...................................... को छोरा/छोरी ...................................(जसलाई यसपछि विद्यार्थी भनिने छ ) लाई दोस्रो पक्षबाट **2020/21 session** मा **Bachelor of Dental Surgery (BDS)** शिक्षा प्रदान गराउन ईच्छा व्यक्त गरेकाले हामी दुवैपक्षहरुका बिचमा आजका मितिमा तपसिल बमोजिम शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी दुवै पक्षले यो करारनामा गरेका छौं।

**तपसिलः-**

१) **दोस्रो पक्षको दायित्व**

क) दोस्रो पक्षले विद्यार्थीलाई उपयुक्त वातावरणमा Bachelor of Dental Surgery (BDS) शिक्षा प्रदान गर्नेछ ।
ख) दोस्रो पक्षले कलेजको नियमको अधिनमा रही विद्यार्थीलाई पुस्तकालय सुविधा प्रदान गर्नेछ ।
ग) दोस्रो पक्षले विदेशी तथा नेपाली विद्यार्थीहरुलाई छात्रावास सुविधा उपलब्ध गराउनेछ ।

२) **प्रथम पक्षको दायित्व**

क) प्रथम पक्षले गुणस्तरीय शिक्षा प्राप्त गर्ने उदेश्यले दोस्रो पक्षले लागु गरेका सबै नियमहरुको पालना गर्नु पर्नेछ ।
ख) प्रथम पक्षले यस करारनामा बमोजिमका सबै शुल्क, जरिवाना, महसुल आदि तोकिएको समयमा दोस्रो पक्षलाई बुझाउनु पर्नेछ ।
ग) प्रथम पक्षले यस मेडिकल कलेज भित्र कुनै पनि प्रकारका राजनैतिक क्रियाकलाप गर्ने छैन ।

३) **शुल्क तथा अन्य महसुल**

क) प्रथम पक्षले शिक्षण शुल्क वापत चिकित्सा शिक्षा आयोगले तोके बमोजिम **रु.२०,१९,५८०।–** (**अक्षरुपी रु बीस लाख उन्नाइस हजार पाँच सय असी मात्र**) निम्नानुसारको समयतालिका अनुसारसमयमा नै दोस्रो पक्षलाई लाई भुक्तानी गर्नु पर्ने छ ।

| Particulars | Installment | Due Date | Amount |
|---|---|---|---|
| Admission & Tuition Fee | | At the time of admission | 6,73,193.00 |
| Tuition Fee | 1st Installment | 2079.08.01 | 4,48,795.00 |
| Tuition Fee | 2nd Installment | 2080.08.01 | 4,48,796.00 |
| Tuition Fee | 3rd Installment | 2081.08.01 | 4,48,796.00 |
| | **Total** | | **20,19,580.00** |

ख) विद्यार्थीले चाहेमा दोस्रो पक्षले व्यवस्था गरेको छात्रावासमा विद्यार्थी रहन सक्ने छ । प्रथम पक्षले छात्रावास वापत मासिक Double Sharing **रु १२,०००।–** (**अक्षरुपी रु बाह्र हजार मात्र**) र Single Occupancy **रु २४,००० ।–** (**अक्षरुपी रु चौबीस हजार मात्र**) समयमा नै दोस्रो पक्षलाई भुक्तानी गर्नु पर्ने छ । छात्रावासको शुल्क २०७८ मंसिर १९ गतेबाट गणना गरिने छ । सोही अनुसार होस्टल शुल्क प्रत्येक एक बर्षको एकमुष्ट रकम अग्रिम बुझाउनु पर्ने छ । छात्रावास शुल्क वार्षिक ५ प्रतिसतका दरले वृद्धि हुनेछ ।

ग) शिक्षण शुल्कमा शिक्षा कर लाग्ने भएको खण्डमा उक्त कर प्रथम पक्षले नै तिर्नु पर्ने छ ।

घ) **काठमाडौं विश्व विद्यालयको दर्ता शुल्क, सम्वन्धन शुल्क, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगको दर्ता शुल्क, शिक्षा मन्त्रालयको दर्ता शुल्क, विश्व विद्यालयको परीक्षा शुल्क** सम्वन्धित निकायको सूचना अनुसार बुझाउनु पर्ने छ । यी शुल्कहरु माथि उल्लेखित बुँदा नं ३ (क), (ख) र (ग) मा समावेस गरिएको छैन । प्रथम पक्षले उक्त शुल्कहरु समयमा नै भुक्तानी गर्नु पर्ने छ ।

*** मिति २०७८।०४।०१ को काठमाडौं विश्वविद्यालयको सूचनाको आधारमा तोकिएको शुल्कहरु (विश्वविद्यालयको सूचना यसै सम्झौता साथ संलग्न गरिएको छ । विश्वविद्यालय र सम्वन्धित निकायको सूचनाको आधारमा काठमाडौं विश्व विद्यालयको दर्ता शुल्क, सम्वन्धन शुल्क, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगको दर्ता शुल्क, शिक्षा मन्त्रालयको दर्ता शुल्क, विश्व विद्यालयको परीक्षा शुल्कहरु वार्षिक रुपमा फरक पर्न सक्ने छ । )**

विद्यार्थीहरुले भर्ना हुदाँको समयमा निम्न शूल्कहरु सम्बन्धीत निकायमा बूझाई, पैसा जम्मा गरेको सक्कल BANK VOUCHER लाई कलेजमा बुझाउनु पर्ने छ । पैसा जम्मा गर्नुपर्ने Account को details यस प्रकार छ ।

**काठमाडौं विश्व विद्यालय Bank Details -**

| Bank Name | Account Name | Account No. |
|---|---|---|
| Nepal Bank | Kathmandu University | 01100109551 |
| Nepal Investment Bank | Kathmandu University | 00501030250009 |

**नेपाल मेडिकल काउन्सिल Bank Details -**

| Bank Name | Account Name | Account No. |
|---|---|---|
| SBI Bank, Maharjgunj Branch | Nepal Medical Council | 20435240100022 |

| Particulars | Due Date | Amount |
|---|---|---|
| KU Registration Fee | As per KU rule & notice | *25,000.00 |
| KU Affiliation Fee | As per KU rule & notice | *63,111.7 |
| NMC Registration Fee | As per NMC notice | *5,000.00 |
| Kathmandu University Exam Fee | As per KU rules | *11,000.00 |

ङ) कम्युनिटी पोष्टिङ्ग, फरेन्सिक मेडिसिन अन्तर्गतको पोष्टिङ्ग र फिल्ड भिजिटमा लाग्ने Registration शुल्क साथै सो कार्यका लागि कलेज बाहिर जाने क्रममा यातायात, खाना, बस्ने व्यवस्था विद्यार्थी स्वमं आफैले गर्नुपर्ने छ ।

च) अध्ययन अवधी भर यदि विद्यार्थीले स्वास्थ्य उपचार गर्न परेमा विद्यार्थी स्वंयले आफैले व्यहोनु पर्ने छ ।

छ) विद्यार्थीहरुले अनिवार्य रुपमा कलेजले तोकेको पोषाक (Uniform)लगाउनु पर्नेछ । पोषाकको व्यवस्था विद्यार्थी आफैले गर्नु पर्ने छ ।

ज) Mess मा लाग्ने शुल्क + VAT, Mess संचालले मासिक रुपमा लिने छ । यो शुल्क बजार मुल्यको आधारमा थप घट हुन सक्ने छ ।

झ) कलेजमा भर्नाका लागि आवेदन फारम वापत रु ५,०००/– लाग्ने छ ।

ञ) यस शौक्षिक सत्र बी. डी.एस का २०७७/०७८ विद्यार्थीहरुबाट इन्टर्नसिप शुल्क नलिने र कलेजले इन्टर्नसिप अवधिमा विद्यार्थीहरुलाई इन्टर्नसिप भत्ता ( Night Allowance) सहित) नदिने सहमति भएको छ । भर्नाको समयमा विद्यार्थीले इन्टर्नसिप शुल्क बुझाउनू पर्ने छैन र विद्यार्थीले इन्टर्नसिप अवधिमा इन्टर्नसिप भत्ता माग गर्ने, इन्टर्नसिप भत्ता, Night Allowance को कुरा लिएर अनावश्यम झै भमेला गर्ने कार्य गर्ने छैन भनि विद्यार्थी एवं अभिभावक प्रतिब□रहेको छ ।

ट) खाना लगायत विद्यार्थीको व्यक्तिगत पुस्तक, मसलन्द जस्ता अन्य खर्चहरु यो सम्झौता पत्रमा समावेस भएको छैन ।

४) **जरिवानाहरु**

क) विद्यार्थी अनुतिर्ण भएमा प्रथम पक्षले विश्वविद्यालयलाई तिर्ने पर्ने अतिरिक्त परीक्षा शुल्क विद्यार्थी स्वयम आफैले भुक्तानी गर्नु पर्ने छ ।

ख) विद्यार्थीले अनुशासन विहिन कार्य गरेमा दोस्रो पक्षले विद्यार्थीलाई निस्कासन गर्न सक्ने छ । यस्तो अवस्थामा शुल्कहरु फिर्ता हुने छैन साथै विद्यार्थीको लापरवाही तथा जानाजान गरेको लापरवाहीका कारणले हुने हानी नोक्सानी वापतको क्षतिपुर्ति रकम प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नु पर्नेछ । क्षतिपुर्तिको मुल्याङ्कन दोस्रो पक्षको व्यवस्थापनले गर्नेछ ।

ग) प्रथम पक्षले तोकिएको शुल्कहरु समयमा बुझाउन नसकेको खण्डमा विलम्व शुल्क लाग्ने छ । विलम्व शुल्क रु १०,०००/– मा दैनिक रु १०/– का दरले गणना हुने छ ।

घ) अध्ययन अवधी भरमा विद्यार्थीले काठमाडौं मेडिकल कलेजको भौतिक सम्पत्तीमा हानी नोक्सानी पुऱ्याएमा विद्यार्थी/अभिभावकले उक्त नोक्सानीको क्षतिपुर्ति व्यहोर्नु पर्ने छ ।

५) **छात्राबास, खाना सुबिधा, यातायात र अन्य**

विद्यार्थीले छात्रावासमा बस्न चाहेको खण्डमा छात्रावाससँग सम्बन्धित अन्य सर्तहरु देहाय बमोजिम रहने छन् -

क) प्रथम पक्षले छात्रावासमा प्रयोग गरेको Internet (Wifi), पानी तथा विद्युत रकम प्रति युनिट उपभोगका आधारमा दोस्रो पक्षले तोकेको दरमा दोस्रो पक्षलाई बुझाउनु पर्नेछ ।

ख) विद्यार्थीहरुले Hostel (College) भित्रको मेसको प्रयोग गर्न पर्ने छ । विद्यार्थीहरुको मेसको संचालन गर्न दोस्रो पक्षले दक्ष व्यक्ति वा संस्थालाई जिम्मेवारी दिनेछ । विद्यार्थीहरुले खाना खानको लागि मेस संचालककलाई अग्रीम २ महिनाको मेस Advance स्वरुप शुल्क बुझाउनु पर्नेछ ।

ग) छात्रावासको सुव्यवस्थाका लागि दोस्रो पक्षले समय समयमा नियम निर्देशिकाहरु जारी गर्न सक्ने छ र उक्त नियम निर्देशिकाको पालन गर्नु विद्यार्थी तथा प्रथम पक्षको कर्तव्य हुनेछ ।

घ) छात्रावासमा बस्दा फर्निचर, पन्खा, वाथरुमका र अन्य सामानहरु बिग्रिएमा मर्मत गर्ने वा नयाँ फेर्ने कार्य प्रथम पक्षको कर्तव्य हुनेछ ।

ङ) दुवाकोट छात्रावासमा रहदा छात्रावास देखि कलेज वा सिनामंगल आउन जान विद्यार्थी आफैले व्यवस्था गर्नु पर्ने छ । यदी कलेजले बसको व्यवस्था गरेको खण्डमा सो वापतको शुल्क प्रथम पक्षले भुक्तानी गर्नु पर्ने छ ।

च) कलेजमा भर्नाको समयमा Serology, doping test, Blood Analysis (CBC:TC/DC/HB, Platelets, Blood group), Chest X-ray, COVID (PCR Test) स्वास्थ्य जाँचको प्रतिवेदन अनिवार्य पेश गर्नु पर्ने छ । प्रत्येक वर्ष सेमेष्टर सुरु हुन भन्दा अगाडि विद्यार्थीको अनिवार्य स्वास्थ्य जाँच गरी त्यसको रिपोर्ट शैक्षिक प्रशासनमा बुझाउनु पर्ने छ । स्वास्थ्य परीक्षण काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालको चिकित्सकबाट गर्नु पर्ने छ र कलेज प्रशासनको रोहवरमा काठमाडौं मेडिकल कलेज शिक्षण अस्पताल कै प्रयोगशालामा sample संकलन र प्रयोगशाला परीक्षण गर्नु पर्ने छ ।

६) **शिक्षण शुल्क सम्बन्धमा ।**

देहाय बमोजिमको अवस्थामा प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तान गरेको शुल्क फिर्ता हुने छैन :–

क) विद्यार्थीले अध्ययन अवधी भर राजनीतिक गतिविधी, गुटबन्दी, दंगाफसाद गरी शिक्षण अस्पतालको शैक्षिक वातावरणमा खलल पुऱ्याउने क्रियाकलाप गर्न निषेध गरिएको छ । यदि त्यस्तो क्रियाकलाप हुन गएमा विद्यार्थीलाई अविलम्व निस्कासन गरिने छ र यस्तो अवस्थामा शुल्क फिर्ता हुनेछैन । विद्यार्थीले अध्ययन अबधीमा लाग्ने शुल्क पूराभुक्तानी गरे पश्चात्त मात्र Clearance Letter दिइनेछ ।

ख) अध्ययन अवधी भरमा भवितव्य भई विद्यार्थीको मृत्यु हुन गएमा, आत्महत्या गरेमा, दुर्घटनाले अङ्गभङ्ग भई वा शारीरिक वा मानसिक कारणले अध्ययन सुचारु गर्न नसक्ने भएमा विद्यार्थीको शुल्क फिर्ता हुने छैन र केही कारणबस यदि पढाई बिचमा छोड्नु परेमा विद्यार्थीले अध्ययन अबधीभरको पूरा शुल्क तिरे पश्चात्त मात्र Clearance Letter दिइनेछ । यसको लागि दोस्रो पक्षलाई दवाव दिने, अनावश्यक झैझमेला नगर्ने नगराउने कुरामा प्रथम पक्ष सहमति गर्दछ ।

७) **दोस्रो पक्षहरुको हैसियत**

यो करारनामा दोस्रो पक्षले विद्यार्थीलाई **बी.डी.एस** शिक्षा प्रदान गर्ने उद्देश्यलेतयार गरिएको हो । दोस्रो पक्षले प्रथम पक्ष कर्मचारी, सेवक वा एजेन्ट नभई **बी.डी.एस** शिक्षा प्रदान गर्ने आधिकारिक शिक्षण सँस्था होभन्ने बुझ्नू पर्दछ । यस करारनामामा भएका कुनै शर्तले करारका पक्षहरु बीच साझेदारी, संयुक्त उपक्रम, एजेन्सी सम्बन्ध कायम हुने छैन भनि यस करारका दुवै पक्षहरु घोषणा गर्दछौं ।

**८) सूचना**

कुनै सूचना, अनुरोध तथा संवादहरु लिखित रुपमा एक पक्षले अर्को पक्षलाई  व्यक्तिगत रुपमा हस्तान्तरण गरेमा, यस करारमा उल्लेखित ठेगानामा पठाएमा, अर्को पक्षको टेलिग्राम, टेलेक्स तथा फेसिमाइल ठेगानामा पठाएमा वा रजिस्ट्री चिठ्ठीबाट पठाएमा विधिपूर्वक सूचना दिएको मानिनेछ । कुनै पक्षले आफ्नो ठेगाना परिवर्तन भएमा यस करारनामा बमाजिम सो को सूचना अर्को पक्षलाई दिनु पर्नेछ ।

**९) भाषा**

यो करारनामा नेपाली भाषामा गरिएको छ । नेपाली भाषा र अनुवादित भाषामा कुनै विवाद वा विभेद उत्पन्न भएमा नेपाली भाषा आधिकारिक मानिनेछ । यस करारमा प्राबधान बमोजिमको सूचना नेपाली भाषामा हुनेछ ।

**१०) प्रारम्भ तथा करार अबधि**

क) यो करारनामा मिति २०        ।      ।      बाट प्रारम्भ हुनेछ र यसको अवधि करार प्रारम्भ भएको मितिले  ५ वर्ष ६ महिना सम्म वा विद्यार्थीको अध्ययन अवधी भर हुनेछ ।

ख) भर्ना हुँदाको बखत प्रथम वर्षमा भुक्तानी गर्नुपर्ने शुल्क, किस्ता रकम आदि भुक्तानी समयावधी भित्र नबुझाएमा दोस्रो पक्षले कुनै पनि बखत विद्यार्थीको भर्ना रद्ध गर्ने वा करार भङ्ग गर्न सक्ने छ ।

यस करारनामा उल्लेखित शर्त तथा बन्देजहरु करारका दुवै पक्षहरुको आपसी सहमतीमा तय गरिएका हुन । यो करारनामाका दुईवटा सक्कल प्रति रहने छन । करारनामा उल्लेखित साक्षिहरुको रोहवरमा हामी यस करारनामाका दुबै पक्षले यस करारनामामा हस्ताक्षर गरी एक-एक प्रति लियौं दियौं ।

**साक्षी**

विद्यार्थीको नाम - ...........................................................
फोन नम्बर- ...........................................................
ईमेल- ...........................................................
सहि - ...........................................................
मिति- ...........................................................

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

**प्रथम पक्षको तर्फबाट**

**दोस्रो पक्षको तर्फबाट**

नाम ........................................................... .
नाता ...........................................................
फोन नम्बर- ...........................................................
ठेगाना ...........................................................
सहि - ...........................................................
मिति- ...........................................................

काठमाडौं मडिकल कलेज पब्लिक लिमिटेड
सिनामंगल, काठमाडौं, नेपाल ।